सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

**आदेश**

०७७-WO-११७४

विषयः उत्प्रेषण।

| | |
|---|---|
| डोल्पा जिल्ला क्षेत्र नं. १(क) बाट कर्णाली प्रदेश सभा सदस्य पदमा निर्वाचित नन्दसिंह बुढासमेत..........................................................................१ | निवेदक |
| **विरुद्ध** | |
| प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेतसमेत.............१ | विपक्षी |

यसमा रिट निवेदनसहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदककको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापा तथा विद्वान् अधिवक्ताहरु श्री गोविन्द बन्दी शर्मा, श्री टिकाराम भट्टराई र श्री रक्षा बस्यालले भर्चुवल प्रविधिबाट गर्नु भएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए सोको आधार र कारण खुलाई म्याद सूचना प्राप्त भएका मितिले १५ दिनभित्र विपक्षी नं. ५ ले महान्यायाधिवक्ताको कार्यालयमार्फत, विपक्षी नं. १,२,३ र ४ ले प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेशमार्फत तथा अन्य विपक्षीहरुले आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधि मार्फत लिखितजवाफ पेस गर्नू भनी विपक्षीहरुका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना जारी गरी म्याद भित्र लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

निवेदकहरु नेकपा एमालेको तर्फबाट निर्वाचित कर्णाली प्रदेश, प्रदेश सभाका निर्वाचित सदस्य हौं। प्रदेश सभाको निर्वाचनमा कुनै पनि दलले बहुमत प्राप्त गर्न नसकेकोले हाम्रो पार्टी नेकपा एमाले र नेकपा माओवादी केन्द्रको विचमा तालमेल भई प्रदेश सरकार गठन भएको थियो र दुवै पार्टीहरु एकीकरण भई नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनेकोले नेकपाका



Scanned with CamScanner

सदस्यहरुका रुपमा रुपान्तरीत भएकोमा सर्वोच्च अदालतको मिति २०७७।११।२३ को निर्णयले दुई पार्टीहरु पूर्ववत् अवस्थामा फर्कनु पर्ने अवस्था भएकोले को कता जाने भन्ने राजनीतिक अन्योल सृजना भयो। यहि पछिल्लो अवस्थामा कर्णाली प्रदेशको मुख्यमन्त्रीले मिति २०७८।०१।०३ मा कर्णाली प्रदेश सभामा विश्वासको मत लिन प्रस्ताव पेश गर्नु भएकोमा पार्टीले औपचारिक रुपमा सरकारलाई दिएको विश्वास फिर्ता नलिएको अवस्था मध्यनजर गरी सरकारलाई जीवित राख्नु पर्छ भनी मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको पक्षमा निवेदकहरुले मतदान गरेका थियौं। यसै विषयलाई लिएर प्रत्यर्थीमध्येका केपी शर्मा ओलीले मिति २०७८।०१।०६ मा स्पष्टिकरण पेश गर्न पत्र दिएकोमा पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता नलिएको र मतदान गर्ने विषयमा ह्विप जारी नभएकोले कारवाही गर्न नमिल्ने स्पष्टिकरण पेश गरेका थियौं। तर मिति २०७८।०१।१० को नेकपा एमाले दशौं राष्ट्रीय महाधिवेशन आयोजक कमिटिको निर्णयानुसार नेकपा एमाले प्रदेश सभा सदस्य, कर्णाली प्रदेश सभाको सदस्य र पार्टीको साधारण सदस्यबाट हटाउने निर्णय भएछ। सोही आधारमा प्रत्यर्थीमध्येका प्रदेश सभा सचिवालयले मिति २०७८।०१।१४ मा प्रत्यर्थी निर्वाचन आयोगलाई हाम्रो पद रिक्त भएको जानकारी गराएको रहेछ।

दशौं राष्ट्रिय आयोजक कमिटि नेकपा एमालेको पार्टीको आधिकारीक संरचना होइन। राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२ अनुसार दल त्याग सम्बन्धी विषयमा कारवाही गर्दा सम्बन्धित दलको केन्द्रीय समितिले मात्र कारवाही गर्न सक्ने व्यवस्था छ। पार्टीको विधान र राजनीतिक दल सम्बन्धी ऐनले नचिनेको संरचनाबाट गरिएको निर्णय वदरभागी छ। तसर्थ, कर्णाली प्रदेश सभा सदस्यबाट समेत हटाउने गरी मिति २०७८।०१।१० मा नेपाल कम्युनिष्ट पार्टी (एमाले) दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटिबाट भएको निर्णय र सोही निर्णयको आधारमा मिति २०७८।०१।१२ मा नेकपा एमाले कर्णाली प्रदेश सभा संसदीय दलको कार्यालयले प्रदेश सभा सचिवालय कर्णाली प्रदेशलाई लेखेको पत्र र सोही पत्रको आधारमा कर्णाली प्रदेश सभा सचिवालय, कर्णाली प्रदेशले मिति २०७८।०१।१४ मा निर्वाचन आयोगलाई गरेको पत्राचार र निर्णय तथा कामकारवाहीसमेत उत्प्रेषणको आदेशले बदर गरी निवेदकहरुलाई कर्णाली प्रदेश सभा सदस्यसमेतबाट हटाउने गरी नेकपा एमाले दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटिको निर्णय र सो निर्णयको आधारमा मिति २०७८।०१।१२ मा नेकपा एमाले कर्णाली प्रदेश, कर्णाली प्रदेश सभा संसदीय दलको कार्यालय प्रदेश सभा सचिवालय कर्णाली प्रदेशलाई लेखेको पत्र र सोही पत्रको आधारमा प्रदेश सभा सचिवालय कर्णाली प्रदेशले मिति २०७८।०१।१४ मा निर्वाचन आयोगलाई गरेको पत्राचार समेतका कामकारवाही कार्यान्वयन नगर्नु नगराउनु, निवेदकहरुलाई प्रदेश सभा सदस्यको हैसियतले काम गर्न बाधा पुऱ्याउने काम नगर्नू तथा प्रदेश सभा सदस्यको हैसियतमा कुनै पनि अधिकारबाट बञ्चित नगर्नू



Scanned with CamScanner

भनी विपक्षीहरुको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने नै निवेदकहरुको मुख्य निवेदन मागदावी रहेको देखियो।

अन्तरिम आदेश माग भए तर्फ विचार गर्दा, यी निवेदकहरु कर्णाली प्रदेश सभाको निर्वाचित सदस्य रहेकोमा विवाद देखिदैंन। निवेदकहरुलाई मिति २०७८।०१।०६ को स्पष्टिकरण माग गर्दाको पत्र हेर्दा नेपाल कम्युनिष्ट पार्टी (एमाले) दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटिको पहिलो बैठकमा भएको निर्णयको हवाला दिदैं निवेदकहरुलाई प्रदेश सभा सदस्य नरहने गरी कर्णाली प्रदेश सभा दलको सदस्यबाट निष्कासन गर्नु नपर्ने कुनै कारण भए स्पष्टिकरण पेश गर्नु भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। मिति २०७८।०१।१० को नेपाल कम्युनिष्ट पार्टी (एमाले) दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटिको निर्णय शीर्षक अन्तर्गत राजनीतिक दल सम्वन्धी ऐन, २०७३ को दफा ३२(२) बमोजिम निवेदकहरुलाई कर्णाली प्रदेश संसदीय दलको सदस्य तथा कर्णाली प्रदेश सभा सदस्य पदबाट समेत निष्कासन हुने गरी निर्णय गरेको भन्ने उल्लेख भएको पाइन्छ। यसरी निवेदकहरुलाई कर्णाली प्रदेश सभा सदस्य पद र कर्णाली प्रदेश संसदीय दलको सदस्य पदवाट समेत निष्कासन गर्ने तथा हटाउने निर्णय नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट भएको नदेखिई नेपाल कम्युनिष्ट पार्टी (एमाले) दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटिको मिति २०७८।०१।१० मा बसेको दोस्रो बैठकको निर्णयबाट भएको भन्ने देखिन आयो। निवेदकहरु आवद्ध रहेको राजनीतिक दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) रहेको देखिन्छ। राजनीतिक दल सम्वन्धी ऐन, २०७३ को दफा ३२(२) मा "दफा २८ को उपदफा (३) बमोजिमको विवरण प्राप्त भएपछि सम्बन्धित दलको केन्द्रीय समितिले त्यस्तो सदस्यलाई यस दफाको अधिनमा रही सम्बन्धित दलवाट निष्कासन गर्न सक्नेछ र त्यसरी कुनै सदस्य निष्कासन भएमा त्यस्तो सदस्य सम्बन्धित दलबाटसमेत निष्कासन भएको मानिनेछ र सोही ऐनको दफा ३२(३) मा उपदफा (२) बमोजिम निष्कासन गर्नु अघि सम्बन्धित दलको केन्द्रीय समितिले त्यस्तो सदस्यलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ र त्यस्तो प्रयोजनको लागि सम्बन्धित दलले जाचँबुझ समिति गठन गर्न सक्नेछ" भन्ने कानूनी प्रावधान रहेको पाइन्छ। अर्थात, आवद्ध रहेको सम्बन्धित दलबाट निष्कासन गर्दा केन्द्रीय समितिले निष्कासन गर्नु अघि सफाई पेश गर्ने मौका दिनु पर्ने र दलको केन्द्रीय समितिले निष्कासन गर्न सक्ने देखिन्छ। प्रस्तुत विवादमा निवेदकहरु आवद्ध रहेको राजनीतिक दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) भएकोमा विवाद छैन। नेपाल कम्युनिष्ट पार्टी (एमाले) को केन्द्रीय समितिको निर्णयको हवाला दिएर निवेदकहरुसंग स्पष्टिकरण माग नगरेको र निवेदकहरुलाई कर्णाली प्रदेश सभा सदस्य र कर्णाली प्रदेश संसदीय दलको सदस्य पदसमेतबाट निष्कासन गर्दासमेत नेपाल कम्युनिष्ट पार्टी (एमाले) को केन्द्रीय समितिबाट निर्णय भएको नदेखिई प्राकृतिक न्यायको सिद्धान्त र राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३२(२)(३) को भावनाको प्रतिकूल देखिएको सन्दर्भमा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो



Scanned with CamScanner

नलागेसम्म नेपाल कम्युनिष्ट पार्टी (एमाले) दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटिले गरेको मिति २०७८।०१।१० मा बसेको दोस्रो बैठकको निर्णय भनी नेपाल कम्युनिष्ट पार्टी (एमाले)को लेटरप्याडमा उल्लेख गरेको कर्णाली प्रदेश सभा सदस्य र कर्णाली प्रदेश संसदीय दलको सदस्य पदसमेतबाट निष्कासन गरेको निर्णय तथा सो आधारमा मिति २०७८।०१।१२ मा नेकपा कर्णाली प्रदेश सभा संसदीय दलको कार्यालयको प्रदेश सभा सचिवालय कर्णाली प्रदेशलाई लेखेको पत्र र सो आधारमा निर्वाचन आयोगलाई गरेको पत्राचार कार्यान्वयन नगर्नू, नगराउनू र निवेदकहरुलाई कर्णाली प्रदेश सभाको सदस्य तथा नेपाल कम्युनिष्ट पार्टी (एमाले) कर्णाली प्रदेश संसदीय दलको सदस्य पदको हैसियतमा यथावत काम गर्न दिनू भनी विपक्षीहरुको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम यो अन्तरिम आदेश जारी गरी दिएको छ। अन्तरिम आदेश जारी भएको जानकारी विपक्षीहरुलाई दिनू।

न्यायाधीश

ईति सम्बत् २०७८ साल जेठ २७ गते रोज ५ शुभम् ....................................................।

Scanned with CamScanner